## लमजुङ जिल्ला अदालतको सूचना

**मिति २०७७/४/९**

कोरोना भाईरस (कोभिड-१९) का कारण जारी भएको बन्दाबन्दी (लकडाउन) को अबधि मिति २०७७/४/६ गते रातको १२ बजेबाट अन्त्य भएको हुँदा अदालतबाट प्रदान गरीने सम्पूर्ण काम कारबाही तथा सेवा प्रवाह "बन्दाबन्दीको अबधिपछि अदालतको काम कारवाहीलाई सहज गर्ने सम्बन्धी कार्ययोजना" अनुसार सरोकारवालाको समन्वयमा सम्मानित सर्बोच्च अदालतको मिति २०७७/२/१५ को फैसलामा प्रतिकुल प्रभाव नपर्ने गरी निम्नानूसार संचालन गरिने ब्यबस्था मिलाईएको छ । तपसिलमा उल्लेखित मितिमा अदालतमा आ-आफ्नो सेवा लिई सहयोग गरिदिनहुन अनुरोध छ ।साथै कोभिड -१९ को स्वास्थ्य जोखिम न्यूनिकरणको उदेश्यले तपसील बमोजिमको तालीका बनाईएको भएता पनि यस अदालतबाट प्रदान गरिने सेवा प्रवाह मिति २०७७/५/७ सम्म अदालत खोलेको जुनसुकै दिन उपस्थित भएमा सेवा प्रवाह हुने ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागी अनुरोध छ ।

### तपसिल

**१)अदालतको सम्पूर्ण काम कारवाही मिति २०७७/४/११ गतेबाट सूचारु हुने**

**२) तारेख सम्बन्धमा**

| क्र.स. | साविक तारेख | उपस्थित हुने दिन |
|---|---|---|
| १ | २०७६/१२/९ देखी १३ सम्म | २०७७/४/११ देखी १३ सम्म |
| २ | २०७६/१२/१४ देखी १७ सम्म | २०७७/४/१४ देखी १७ सम्म |
| ३ | २०७६/१२/१८ देखी २२ सम्म | २०७७/४/१८ देखी २१ सम्म |
| ४ | २०७६/१२/२३ देखी २६ सम्म | २०७७/४/२२ देखी २५ सम्म |
| ५ | २०७६/१२/२७ देखी ३० सम्म | २०७७/४/२६ देखी ३० सम्म |
| ६ | २०७७/१/२ देखी ५ सम्म | २०७७/४/३१ देखी भदौ २ सम्म |
| ७ | २०७७/१/६ देखी बन्दाबन्दी मिति सम्मको तारेख | २०७७/५/३ देखी ७ सम्म |